बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

# चेपाङसँग मौरीपालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

स्वीकृत मितिः २०८१/०७/०६

**प्रस्तावनाः** बागमती प्रदेशका धादिङ, मकवानपुर र चितवन जिल्लामा मुख्य बसोबास गर्ने अल्पसंख्यक र सिमान्तकृत समुदायको रुपमा रहेको चेपाङ समुदायको जीविकोपार्जनमा सुधारका लागि मौरीपालन एक उत्तम विकल्प हुने भएको हुँदा चेपाङ समुदाय लक्षित मौरीपालन कार्यक्रम संचालन गर्न बान्छनीय भएकोले प्रदेश विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयबाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ।

## परिच्छेद - १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**(१) यस कार्यविधिको नाम **चेपाङसँग मौरीपालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१** रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा-

(क) **"आवेदक"**भन्नाले कार्यक्रममा सहभागी हुन आवेदन दिने चेपाङ समुदायका कृषक समूह,कृषि कार्यमा संलग्न चेपाङ्ग बाहुल्य सहकारी तथा नीजि कृषि फर्म/उद्यमी, वन उपभोक्ता समुह सम्झनु पर्छ।

(ख) **"कार्यक्रम"** भन्नाले स्वीकृत चेपाङसँग मौरीपालन कार्यक्रम सम्झनु पर्छ ।

(ग) **"निर्देशनालय"** भन्नाले बागमती प्रदेशको कृषि विकास निर्देशनालय सम्झनु पर्छ ।

(घ) **"मन्त्रालय"** भन्नाले बागमती प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ ।

(ङ) **"प्रदेश"** भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

(च) **"प्रस्ताव"** भन्नाले चेपाङसँग मौरीपालन कार्यक्रम संचालनका लागि प्राविधिक र आर्थिक सहयोग प्राप्त गर्न पेश गरिएको आवेदन र योजना सम्झनु पर्छ ।

(छ) **"साझेदार"** भन्नाले कार्यक्रम कार्यान्वयनका लागि छनौट भएका आवेदक सम्झनु पर्छ ।

(ज) **"स्थानीय तह"** भन्नाले गाँउपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ ।

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
भूमि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

## परिच्छेद २

## कार्यक्रम संचालन प्रक्रिया

४. कार्यक्रम संचालन हुने स्थानः बागमती प्रदेशका चितवन, धादिङ र मकवानपुर जिल्लामा कार्यक्रम संचालन हुनेछ ।

५.सूचना प्रकाशनः निर्देशनालयले इच्छुक साझेदार संस्थाबाट अनुसूची १ बमोजिमको ढाँचामा न्यूनतम २१ दिनको म्याद दिई राष्ट्रियस्तर दैनिक पत्रिकामा सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नु पर्नेछ ।यसरी सूचना प्रकाशन गरेपछि सोको जानकारी सम्बन्धित सबै स्थानीय तहहरूलाई दिनु पर्नेछ ।

६. प्रस्ताव पेश गर्नेः कार्यक्रममा संलग्न हुन इच्छुक आवेदकले अनुसूची-२ बमोजिमको निवेदनका साथ सूचनामा उल्लेखित कागजातहरु, अनुसूची ३ बमोजिमको प्रस्ताव र अनुसूची ४ बमोजिमको प्रतिबद्धता पत्र सहित निर्देशनालयमा प्रस्ताव पेश गर्नुपर्नेछ ।

७. मूल्याङ्कन समितिः(१) पेश हुन आएका प्रस्तावहरु मूल्याङ्कनको लागि निर्देशनालयमा देहाय बमोजिमको मूल्याङ्कन समिति रहने छ ।

| | |
|---|---|
| (क) निर्देशक वा निजले तोकेको वरिष्ठ अधिकृत/अधिकृत, निर्देशनालय | संयोजक |
| (ख) वरिष्ठ अधिकृत/अधिकृत, सम्बन्धित शाखा, निर्देशनालय | सदस्य |
| (ग) योजना हेर्ने अधिकृत, निर्देशनालय | सदस्य |
| (घ) प्रमुख, आर्थिक प्रशासन शाखा, निर्देशनालय | सदस्य |
| (ङ) प्रमुख, खरिद इकाई, निर्देशनालय | सचिव |

(२) समितिको बैठकमा आवश्यकता अनुसार बढीमा २ जनासम्म विषयसँग सम्बन्धित विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) मूल्याङ्कनका मापदण्डहरु तयार गरी स्वीकृतिका लागि निर्देशालयमा पेश गर्ने

ख) स्वीकृत मापदण्ड बमोजिम निर्देशनालयमा प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी स्वीकृतिका लागि निर्देशनालयमा पेश गर्ने ।

८. सम्झौता प्रक्रियाः (१) छनौट भएका साझेदारलाई कम्तीमा ७ दिनको म्याद दिई सम्झौताको लागि पत्राचार गर्नुपर्नेछ ।

(२) स्वीकृत लागत अनुमानका आधारमा कार्यक्रम संचालनका लागि छनौट भएका साझेदारले निर्देशनालयसँग सम्झौता गर्नु पर्नेछ।उक्त सम्झौता गर्नका लागि निर्देशनालयबाट खरिद गरी वितरण गरिने मौरीपालन सम्बन्धि सामाग्रीहरुको हकमा निर्देशनालयले उपलब्ध गराएको धरौटी खाता/विविध खर्च खातामा योजनाको कुल अनुमानित लागतको कम्तीमा १५ प्रतिशत रकम जम्मा गरेको सक्कल



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

भौचरका साथ आउनु पर्नेछ। समय सीमा भित्र सक्कल भौचरका साथ सम्झौता गर्न नआएमा क्रमशःवैकल्पिक प्राथमिकतामा रहेका आवेदकसँग सम्झौता गर्नसकिनेछ। समय सीमा भित्र सम्झौता गर्न नआएमा क्रमशः वैकल्पिक प्राथमिकतामा रहेका आवेदकहरुसँग सम्झौता गर्न सकिनेछ।

९.<u>सञ्चालन गरिने क्रियाकलापः</u> (१) यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमहरुमा देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछ।

क. मौरी घार/गोला वितरण

ख. मौरीपालनका लागि आवश्यक सामाग्री तथा उपकरण वितरण

ग. मह उत्पादन एवं प्रशोधनका लागि आवश्यक मेशिनरी उपकरण तथा महको बजारीकरणमा सहयोग

घ. मौरीपालनका लागि आवश्यक पूर्वाधार सहयोग

ङ. मौरी चरनजन्य बोट बिरुवाहरुको उत्पादन, वृक्षारोपण तथा संरक्षण

च. मौरीपालक कृषकलाई प्राविधिक सेवा टेवा

(२) उपदफा (१) मा उल्लेखित क्रियाकलापहरु मध्ये उपयुक्त क्रियाकलापहरु समावेश गरी अनुसूची ३ बमोजिमको ढाँचामा इच्छुक साझेदार संस्थाले प्रस्ताव तयार गरी पेश गर्नु पर्नेछ । उल्लेखित क्रियाकलापहरुको अलावा अन्य कुनै नविनतम तथा सृजनात्मक क्रियाकलापहरु समेत प्रस्ताव गर्न सकिनेछ ।

## परिच्छेद-३

## <u>आर्थिक पक्ष</u>

१०. <u>साझेदार रकमः</u> (१) सम्झौतामा उल्लेखित क्रियाकलापहरु संचालन गर्न स्वीकृत बार्षिक बजेटको परिधी भित्र रही कूल लागतको ८५ प्रतिशतसम्म प्रोत्साहन रकम उपलब्ध हुनेछ । कृषि फर्म/उद्यमीको हकमा प्रति साझेदार बढीमा दुई लाख रुपैंया तथा कृषक समुह, कृषि कार्यमा संलग्न सहकारी र वन उपभोक्ता समुहको हकमा प्रति साझेदार १० लाख रुपैंयासम्म प्रोत्साहन उपलब्ध हुनेछ ।

(२) कार्यक्रम बजेटको दुई प्रतिशत कन्टिन्जेन्सी बापत् सूचना प्रकाशन, बैठक भत्ता, अभिमुखीकरण, इन्धन, स्टेशनरी, प्रस्तावहरुको स्थलगत निरीक्षण, प्रमाणीकरण तथा अनुगमन मूल्याङ्कन खर्च आदिमा खर्च गरिनेछ ।

(३) प्रचलित खरीद ऐन नियम बमोजिम सम्झौता बमोजिमका मौरीपालनका लागि आवश्यक सामाग्रीहरु निर्देशनालयले खरीद गरी अनुदानित मूल्यमा साझेदारलाई उपलब्ध गराउनेछ भने पूँजीगत प्रकृतिका पूर्वाधार निर्माण कार्य साझेदार वा लाभग्राही संस्था मार्फत गराउन सकिनेछ । तर यसरी साझेदार वा लाभग्राही संस्था मार्फत निर्माण कार्य गराउँदा साझेदारले सो कार्य आफैले नगरी अन्य कुनै निर्माण व्यवसायी वा



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

सबकन्ट्रयाक्ट मार्फत गराउन सक्ने छैन । निर्माण कार्यमा अन्य संस्थालाई संलग्न गराएको पाइएमा उक्त सम्झौता रद्ध गरी प्रचलित कानुन बमोजिम कारवाही गरिनेछ।

(४) कार्य प्रगति र सुपेरिवेक्षणको आधारमा साझेदारले पेश गरेको रनिङ्ग/अन्तिम बिललाई प्राविधिक सिफारिसमा बढीमा दुई किस्तामा बैंक खाता मार्फत भुक्तानी गरिनेछ । साथै भुक्तानीका लागि पेश गर्दा कार्य सम्पन्न प्रतिवेदन, बिल भर्पाइ, स्थलगत अनुगमन प्रतिवेदन पश्चात मात्र भुक्तानी गरिनेछ ।

## परिच्छेद-४
## विविध

११. दोहोरोपना नहुने: यस कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघीय तथा स्थानीय तहबाट कार्यान्वयन हुने कार्यक्रम तथा आयोजनाहरुसँग दोहोरोपना नहुने गरी कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ । दोहोरो सुविधा लिएको पाइएमा सम्पूर्ण प्रोत्साहन रकम प्रचलित ब्याज सहित असुल उपर गरिनेछ । गत आर्थिक वर्षमा समेत कार्यक्रम लागु भई प्रोत्साहन अनुदान रकम पाएका आवेदकहरुलाई यस आर्थिक वर्षमा कार्यक्रमबाट प्रोत्साहन/अनुदान रकम प्रदान गरिने छैन ।

१२. अनुगमन तथा मूल्याङ्कन: (१) कार्यक्रमको अनुगमन मन्त्रालय र निर्देशनालयले आवश्यकता अनुसार गर्न सक्नेछ ।

(२) अनुगमन गर्दा स्वीकृत कार्ययोजना र अनुगमन सूचकलाई आधार मानी गर्नु पर्नेछ र सोको प्रतिवेदन अनिवार्य रुपमा निर्देशनालयमा बुझाउनु पर्नेछ ।

१३. कारबाहीको व्यवस्था: साझेदारले सम्झौता बमोजिम प्राप्त रकम तथा सामाग्रीहरु लिई दुरुपयोग गरेको पाईएमा सरकारी बाँकी सरहअसुल उपर गरिनेछ ।

१४.संशोधन : यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले आवश्यक संशोधन गर्न सक्नेछ । आर्थिक दायित्व/विषयमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमती लिई संशोधन गरिनेछ ।

१५.प्रचलित कानून बमोजिम हुने: यस कार्यविधिमा उल्लेख भएका बुदाँहरु प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानून बमोजिम नै हुनेछ ।

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

**अनुसूची १**

**(दफा (५) सँग सम्बन्धित)**

**<u>प्रस्ताव आव्हानको सूचना</u>**

प्रथम पटक प्रकाशित मितिः २०८१/ /

कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश अन्तरगत कृषि विकास निर्देशनालयको आ.व. .......................को स्वीकृत वार्षिक कार्यक्रम अनुसार चेपाङसँग मौरीपालन कार्यक्रम सञ्चालन गर्न इच्छुक कृषक समूह, कृषि सहकारी, निजी फर्म/उद्यमी, वन उपभोक्ता समुहहरुले यो सूचना प्रकाशित भएको २१ औं दिनसम्ममा कार्यालय समय भित्र आईपुग्ने गरी देहाय बमोजिमका कागजात सहित निवेदन साथ अनुसूची-२ बमोजिमको प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ। अनलाईन मार्फत समेत प्रस्ताव पेश गर्न सकिनेछ ।

<u>तपशिल</u>

१.नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी र संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र,

२.संस्था/सहकारीको हकमा पछिल्लो साधारण सभाको प्रतिलिपि

३.स्थायी लेखा नम्बर(PAN) दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,

४. कर चुक्ता प्रमाण पत्र

५. प्रस्ताव अनुसारको लागत अनुमान,

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

## अनुसूची -२
(दफा ६ सँग सम्बन्धित)
### निवेदनको ढांचा

मितिः ..................

श्रीमान निर्देशकज्यू,

.................. ।

**विषयः कार्यक्रममा सहभागी हुन पाउँ ।**

महोदय,

प्रस्तुत विषयमा यस निर्देशनालयको मिति ........ मा प्रकाशन गरिएको **चेपाङसँग मौरीपालन कार्यक्रममा** सहभागी हुन तपसिलको कागजात सहित यो निवेदन पेश गरेको छु ।

संलग्न कागजातहरु

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
२. संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,
३. संस्थाको स्थायी लेखा नम्ब (PAN), पछिल्लो आ.व.को करचुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी,
४. संस्थाको बैठकको निर्णयको प्रमाणित प्रतिलिपि (समूह/सहकारीको हकमा),
५. अनुसूची -३ अनुसारको प्रस्ताव
६. अनुसूची- ४ बमोजिमको प्रतिवद्धता पत्र

निवेदक
दस्तखतः
नाम थरः
पदः
सम्पर्क नः
मितिः
संस्थाको छापः

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

## अनुसूची -३

**(दफा ६ सँग सम्बन्धित)**

**प्रस्ताव-पत्र**

| क) प्राविधिक प्रस्तावः | | |
|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको नाम | |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना | |
| ३ | आवदेकको नाम | |
| ४ | ठेगाना | |
| ५ | आवेदकको सम्पर्क टेलिफोन नं., फ्याक्स् नं., मोवाइल नं. | |
| ६ | आवेदकको email address | |
| ७ | आवेदक संस्थाको दर्ता नम्बर | |
| ८ | दर्ता भएको निकाय र दर्ता मिति | |
| ९ | भ्याट /पान दर्ता नम्बर | |

| १० | प्रस्तावित कार्यक्रम कार्यान्वयन स्थलमा विद्यमान भौतिक पूर्वाधारहरुः | | | |
|---|---|---|---|---|
| १०.१ | सडक सुविधा(छ/छैन) | | नजिकको बजारको नाम | |
| १०.२ | कस्तो सडक छ (कच्चि/पक्कि) | | बजार सम्मको दुरी (कि.मी.) | |
| १०.३ | बिजुलीको सुविधा(छ/छैन) | | सदरमुकाम देखिको दुरी(कि.मी.) | |
| १०.४ | मौरी चरनको उपलब्धता पर्याप्त(छ/छैन) | | जग्गाको स्वामित्व (आफ्नै/लिजमा) | |

| ११ | प्रस्तावित कार्यक्रम सम्बन्धी आवेदकको अनुभव र तालिम भए अवधी समेत खुलाउने | |
|---|---|---|
| | अनुभव तथा तालिमहरु | अवधी |
| ११.१ | | |
| ११.२ | | |
| ११.३ | | |

**ख. हाल संचालन भई रहेका क्रियाकलापहरु**

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

ग. बार्षिक रुपमा उत्पादन/कारोबारको विवरण

| क.सं. | उत्पादन/कारोबार हुने वस्तु | परिमाण | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

घ. प्रस्तावित क्रियाकलापहरु र अनुमानित लागत

| क.सं. | क्रियाकलाप विवरण | ईकाइ | परिमाण | जम्मा लागत (रु) | कार्यक्रमबाट बेहोर्ने | साझेदारले बेहोर्ने |
|---|---|---|---|---|---|---|
| क. चालू प्रकृतिका क्रियाकलापहरु | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| ख.पुँजीगत प्रकृतिका क्रियाकलापहरु | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

ङ. प्रमुख अपेक्षित उपलब्धीहरु

| क.सं. | विवरण | हालको अवस्था | उपलब्धी सूचक | कैफियत |
|---|---|---|---|---|
| १ | व्यवसायको आकार | | | |
| २ | बार्षिक रोजगारी सृजना | | | |
| ३ | बार्षिक उत्पादन | | | |
| ४. | बार्षिक आम्दानी | | | |
| ५ | अन्य ………… | | | |



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-४

(दफा ६ सँग सम्बन्धित)

**प्रतिबद्धता पत्र**

.......................को मिति...................को सूचना अनुसार **चेपाङसँग मौरीपालन कार्यक्रममा** सहभागिताको लागि इच्छुक भई सोको कार्ययोजना सहितको आवेदन पेश गरेको/का छु/छौं। उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु र .......... वर्ष सम्म निरन्तरता दिनेछु/छौं। कार्ययोजना अुनसारको कार्य नगरेमा वा ......वर्ष अगावै सो कार्यहरु बन्दगरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं। अन्यथा प्रचलित कानुन बमोजिम सहुला/बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं।

<u>आनुदानग्राहीको तर्फबाट</u>

नामः

पदः

संस्थाको नामः

ठेगानाः

सम्पर्क नं.:

दस्तखतः

मितिः

छापः

| दायाँ | बाँया |
|---|---|
| | |

मानानीय प्रकाश श्रेष्ठ
मन्त्री